'गाउँ गाउँमा सूचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : ९२ विहिवार १३ मंसिर, २०८१ 28 (Thursday) November 2024 पृष्ठ ४, मूल्य रु : १०।-

## भेरी–बबई डाइभर्सनका सुरुङ संरचना निर्माणमा ढिलाइ

नमस्ते समचारदाता
बाँके, मंसिर/१२



भेरी नदीको पानीलाई बबईमा झारेर बाँके र बर्दियाका ५१ हजार हेक्टर जमिनमा बाह्रै महिना सिँचाइ गर्ने र ४६.८ मेगावाट जलविद्युत उत्पादन गर्ने गौरवको भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाको काम द्रुत गतिमा हुन सकेको छैन । सुरुङको काम गर्दा देखिएको उत्साह अन्य संरचनाहरुको काम गर्दा कम हुँदै गएको पाइएको छ। नेपालमै पहिलो पटक टनेल बोरिङ मेसिन (टीबीएम)को प्रयोग गरेर बनाइएको सुरुङ सम्झौता अवधिभन्दा करिब एक वर्ष पहिला नै सम्पन्न हुँदा कर्णाली र लुम्बिनीका बासिन्दामा खुसीको सीमा नै थिएन । सुरुङ बनाएर चाइनिज कम्पनी गएपछि अरु काम गर्ने ठेक्का पाएको नेपाली कम्पनीले तदारुकताका साथ काम गर्न नसक्दा जनतामा निराशा छाएको छ । ३३ अर्ब १९ करोड ६६ लाखको यो आयोजनाको नौ वर्षमा ६५.९ प्रतिशत प्रगती भएको छ । सुरुमा चार वर्षको सम्झौता भएको आयोजना लम्बिँदै गएको छ । दुई पटक म्याद थपिएको छ । पछिल्लो पटक थपिएको अवधि अनुसार २०८२ असोज १ गते काम सम्पन्न गर्ने भनिएको छ। अहिले त्यहाँ भइरहेको कामको गतिलाई हेर्दा पछिल्लो पटक थपिएको अवधिमा पनि काम सम्पन्न हुनेमा शंका उत्पन्न भएको छ । आयोजनाका सिनियर डिभिजनल इन्जिनियर एवम् सूचना अधिकारी पवन अधिकारीका अनुसार, अहिले चिप्लेमा हेडवक्स, हात्तीखालमा सर्जसाफ्ट र पावर हाउसको जग खन्ने काम भइरहेको छ । १२.२ किलोमिटरको सुरुङको काम सम्पन्न भइसकेको छ । २०७४ कात्तिक २० गतेदेखि गरेको सुरुङ खन्ने काम २०७६ वैशाख ३ गतेसम्म सम्पन्न भएको थियो । जबकि २०७६ चैत्र १५ गतेसम्म काम सक्ने सम्झौता थियो । यसरी चिनियाले सुरुङ जस्तो गतिमा काम गरेको थियो, अहिले त्यो गतिमा त कुरै छोडौं तुलनातमक रुपमा पनि काम भइरहेकादेखिदैन। काम भइरहेको भनिएपनि त्यहाँ आवश्यक उपकरण र जनशक्तिको प्रयोग गरिएको छैन। यहीं हिसावले काम भइरहने हो भने आयोजना अनन्तकालसम्म लम्बिन सक्ने संभावनालाई नकार्न सकिदैन । सुरुमा आयोजनाले सिँचाइ र जलविद्युत उत्पादनमा काम गर्ने भनिएपनि पछि खानेपानीलाई जोडिएको छ । भेरी नदीबाट ४० घनमिटर पानी बबई झार्ने र त्यसमध्येको १५ घनमिटर पानी प्रयोग गरिने बताइएको छ। भेरीमा सुख्खा समयमा ७६ घनमिटर र अरु बेला १ हजार ५ सय घनमिटरसम्म पानी हुने गर्दछ । भेरीबाट झारिएको पानीले बबई र मानखोलाबाट समेत विद्युत उत्पादन गर्ने लक्ष्य राखिएको छ। *बाँकी ३ पेजमा...*

## न्यायिक समितिहरु प्रभावकारी बन्दै

नमस्ते समचारदाता
सल्यान, मंसिर/१२




सल्यानको छत्रेश्वरी गाउँपालिका-४ निवासी एक महिलाले जग्गा किन्नका लागि २०६१ सालमा पैसा बुझाए पनि आफ्नो नाममा पास नभएपछि स्थानीय न्यायिक समितिमा निवेदन दिइन् । २०७९ मंसिर ११ मा छत्रेश्वरी गाउँपालिकाको न्यायिक समितिमा निवेदन दर्तापछि जग्गा बिक्री गर्ने पक्ष र निवेदक पक्षबीच २०७९ फागुन १८ मा छलफल भई मिलापत्र भयो र कानुन बमोजिम खरिदकर्ताको नाममा जग्गा पास भयो । छत्रेश्वरी गाउँपालिका-५ का एकजना मजदुरले आफू लगायतका कामदारलाई निर्माण व्यवसायीले ज्याला मजदुरीको रकम दिन लामो समयदेखि आलटाल गरेको भन्दै २०७९ पुस ३ मा न्यायिक समितिसमक्ष निवेदन दर्ता गराएका थिए। २०८० जेठ १ गते न्यायिक समितिले निर्णय गरेपछि मजुरहरुले निर्माण व्यवसायीबाट रु १ लाख ७ हजार ६ सय रुपैयाँ पाए । यी केही उदाहरण मात्रै हुन् । छत्रेश्वरी गाउँपालिकाको न्यायिक समितिले स्थानीय स्तरका विवाद समाधानमा महत्वपूर्ण सफलता प्राप्त गरेको छ। न्यायिक समितिले पुराना विवादलाई समेत समाधान गर्दै दुबै पक्षलाई न्याय दिलाउन सफल भएको हो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा १ र २ ले न्यायिक समितिलाई निश्चित प्रकृतिका विवादको निरुपण तथा मेलमिलापको माध्यमबाट विवाद समाधान गर्ने अधिकार दिएको छ । छत्रेश्वरी गाउँपालिकाको न्यायिक समिति स्थानीय स्तरमा विवाद समाधानको लागि महत्वपूर्ण निकाय बनेको छ । गाउँपालिका उपाध्यक्ष तथा न्यायिक समितिका संयोजक बुद्धकुमारी खत्रीका अनुसार विवाद समाधानमा दुबै पक्षको हितलाई प्राथमिकता दिने गरिएको छ । समुदायमा सानातिना विवादहरू अदालत सम्म जानुपर्ने अवस्थालाई कम गरेर स्थानीय स्तरमै सहमतिको वातावरण सिर्जना गर्न सफल भएको खत्रीको भनाइ छ । छत्रेश्वरी गाउँपालिकामा आर्थिक वर्ष २०७९/०८० देखि चालु आर्थिक वर्षको हालसम्म ६२ वटा विवादहरु दर्ता भएका छन् । तीमध्ये धेरै मिलापत्रबाट टुंग्याइएको छ । चालु आर्थिक वर्ष २०८१/०८२ को मंसिर पहिलोसातासम्म दर्ता भएका नयाँ मुद्दा पाँच र गत वर्षका मुद्दा छ गरेर जम्मा ११ मध्ये चारवटा मुद्दा मिलापत्र भएको र बाँकी सातवटा प्रक्रियामा रहेको न्यायिक शाखाले जनाएको छ।

*बाँकी ३ पेजमा...*

## आश्रित परिवारलाई सामाजिक सुरक्षा कोषले बाँच्ने आधार दिएको छ

नमस्ते समचारदाता
बाँके, मंसिर/१२




बाँकेको बैजनाथ गाउँपालिका-४ विकास नगरकी पुष्पा चन्द अहिले २८ वर्ष पुगिन । उनका श्रीमानको दुई वर्षअघि ३३ वर्षको उमेरमा मृत्यु भयो । चन्दका एक छोरा र एक छोरी छन् । छोराले ३ कक्षा र छोरी भर्खर पहिलो प्राथमिकमा अध्ययन गर्छन् । कलिलै उमेरमा श्रीमानको मृत्यु भएपछि चन्दको जीवनमा अन्धकार छायो । कमाएर परिवार पाल्ने घरमुलीको कै मृत्यु भइसकेपछि घरपरिवारमा नसोचेको बज्रपात आइपर्‍यो । तर यस्तो अवस्थामा पनि घाउमा मल्हम लगाउन र आर्थिकरुपले खुसीयाली दिन आयो सामाजिक सुरक्षा कोष । मेरो श्रीमानको दुई वर्षअघि ३३ वर्षको उमेरमा मृत्यु भयो । साना-साना बाब-नानीहरूलाई लालनपालन, शिक्षादीक्षा, घरपरिवार सम्हाल्ने देखि सम्पूर्ण जिम्मेवारी मेरो काँधमा आयो । चन्दले आँखाभरी आशू पार्दै भनिन्, 'श्रीमानको अल्पायु मै एक्कासि मृत्यु भएपछि हाम्रो परिवारमा अन्धकार छायो । नसोचेको बज्रपात आइपर्‍यो । पतिको मृत्यु त भयो । तर घरखर्च चलाउने देखि बाबुनानीको लालनपालन, शिक्षादीक्षा, औषधीउपचार लगायतका सम्पूर्ण जिम्मेवारी मेरो काँधमा आयो ।' 'मेरो श्रीमानले स्थानीय चेतना सामाजिक उद्यमी सहकारी संस्थामा काम गर्नुहुन्थ्यो, मासिक ३५ हजार रुपियाँ तलब थियो, उहाँको तलबबाट हाम्रो सबै खर्च चल्दै आएको थियो, श्रीमानको मृत्यु हुनुभन्दा दुई वर्षअघि उहाँ सामाजिक सुरक्षा कोष योजनामा आबद्ध हुनुभएको थियो, अहिले मेरो श्रीमान् नभएपनि मासिक रूपमा त्यति नै रकम पाउँदै आएकी छु, श्रीमान् बितेर जानुभयो दुःखी त छौं, उहाँको परिपूर्ति त हुने कुरै भएन, तर आर्थिक रूपमा भने सामाजिक सुरक्षा कोषले खुसीयाली दिएको छ, मेरो र दुई बच्चाको गरेर मासिक ३५ हजार रुपियाँ कोषले दिइरहेको छ ।' चन्दले भनिन् ।

*बाँकी ३ पेजमा...*

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवहान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

## सम्पादकीय



### कम्युनिस्ट पार्टी कमिसनका आधारमा चले

आजभोली आर्थिक रूपमा कम्युनिस्ट पार्टी समेत पुँजीवादी पार्टीको कार्यशैलीमा हिडन थाले । खाली राज्यसत्तामा जाने, कमिसन खाने, कमिसनका आधारमा कम्युनिस्ट पार्टी चलाउन यो पुँजीवादी शैलीमा उनीहरू गएका हुनाले कम्युनिस्ट पार्टीको लोकप्रियतामा अहिले भयानक ह्रास उत्पन्न भएको छ। त्यसैले कम्युनिस्ट पार्टीले कहिल्यै पनि कमिसन र आम्दानीका आधारमा पार्टी चलाउनु हुँदैन । पार्टीलाई पारदर्शी ढंगले अगाडि बढाउन सक्नुपर्छ। त्यसका लागि पार्टी पंक्ति भित्रैबाट आम्दानीको व्यापक स्रोत जुटाउनुपर्छ। त्यही स्रोतहरू परिचालन गरेर पार्टीले आफ्नो आर्थिक स्थितिलाई बलियो बनाउनुपर्छ । त्यसरी नै पार्टी चल्नुपर्छ । यसले नै पार्टीलाई क्रान्तिकारी बनाउँछ । होइन भने कमिसनवाला, दलाल र गैरकानुनी अपारदर्शीबाट चल्ने पार्टी कम्युनिस्ट पार्टी बन्न सक्दैन । पारदर्शी ढंगले पार्टी चलाउनु आम कम्युनिस्ट कार्यकर्ताका लागि सम्भव कुरा हो । एमालेका आम कार्यकर्ताका लागि पनि सम्भव छ । तर एमालेको नेतृत्वले त्यो बाटो लिन सकेन । ऊ गलत बाटोमा हिँडिरहेको छ । त्यस्तै अन्य कतिपय वामपन्थी नेताहरू पनि कमिसन भनेपछि लोभिएको देखिन्छ। यो कुराले गर्दा पार्टीको नेतृत्व निरन्तर दक्षिणपन्थी भड्काउमा जाँदै विचलित भएको अवस्था छ। अहिले नेपालका विभिन्न कम्युनिस्ट पार्टीका आन्दोलनभित्र दक्षिणपन्थी अवसरवादी चरित्र हाबी छ । उनीहरूले सही क्रान्तिकारी कार्यदिशा लिन सकेका छैनन्। त्यो कारणले केन्द्रीय समिति, विभाग र क्षेत्र (भूगोल)का जिम्मेवारी आधारभूत रूपमा जनमुखी र वर्गमुखी हुन सकेका छैनन् । उनीहरूले कुनै न कुनै रुपमा स्वार्थपरक ढंगले काम गरिरहेको देखिन्छ । अर्थात् पद, पैसा, प्रतिष्ठाका लागि काम गरिरहेको देखिन्छ । यो पार्टीभित्र व्यापक रूपमा छिरेको न्यून पुँजीवादी चिन्तनको परिणाम हो । कम्युनिस्ट पार्टीहरूमा अहिले वैचारिक काम भइरहेको छैन । पार्टीका सबै सदस्यमा हुनुपर्ने वर्ग दृष्टिकोण विकास हुनै सकेको छैन । स्वयं कम्युनिस्ट पार्टीका नेतामा नै न्यून पुँजीवाद हाबी छ । उनीहरूभित्र वर्ग दृष्टिकोणमा ह्रास आएकाले उनीहरूले तलको पंक्तिलाई क्रान्तिकारीकरण गर्न सकिरहेका छैनन्। अहिले व्यापक वैचारिक, राजनीतिक र सैद्धान्तिक पुनर्गठन आवश्यक छ।

# हरित ऊर्जा भविष्यको आधार



इ. हरिप्रसाद घिमिरे



जलवायु परिवर्तन अहिलेको विश्वले भोगिरहेको सबैभन्दा ठूलो चुनौती हो। कार्बन उत्सर्जनको उच्च दर र परम्परागत ऊर्जा उत्पादन प्रणालीले पृथ्वीको तापमानमा तीव्र वृद्धि गरिरहेको छ। यस्तो अवस्थामा, दिगो प्रविधि र हरित ऊर्जा मात्र यस समस्याको समाधानका लागि उपयुक्त बाटो बन्न सक्छ। दिगो प्रविधि र हरित ऊर्जा अहिलेको युगको अनिवार्य आवश्यकता हो। दिगो प्रविधिले ऊर्जा उत्पादन र खपतलाई वातावरणमैत्री, आर्थिक रूपमा सन्तुलित र प्रभावकारी बनाउने लक्ष्य राख्छ। जलवायु परिवर्तनले विश्वभरि प्रत्यक्ष र अप्रत्यक्ष रूपमा अर्थतन्त्र, वातावरण र मानव स्वास्थ्यमा गम्भीर प्रभाव पारिरहेको छ। कार्बन उत्सर्जनका कारण सन् २०२३ मा पृथ्वीको औसत तापक्रम औद्योगिक क्रान्तिपूर्वको तुलनामा बढेको तथ्यले यो समस्या कति जटिल छ भन्ने देखाउँछ। ऊर्जा क्षेत्र विश्वभर कार्बन डाइअक्साइड उत्सर्जनको करिब ७३ प्रतिशतका लागि जिम्मेवार छ। परम्परागत ऊर्जा उत्पादन विधिले नवीकरणीय स्रोतहरूको उपयोग नगर्दा प्रदूषण बढ्दै गएको छ। दिगो प्रविधिले वातावरणमैत्री र पुन : प्रयोग गर्न मिल्ने ऊर्जा स्रोतहरूको विकासमा जोड दिन्छ। हरित ऊर्जा, जसमा सौर्य, पवन, जलविद्युत् र जैविक ऊर्जा समावेश छन्। कार्बन उत्सर्जनलाई न्यूनीकरण गर्दै आर्थिक रूपले फाइदाजनक पनि सावित भएको छ। सौर्य ऊर्जा मात्र पनि २०३० सम्ममा विश्वको कुल ऊर्जा खपतको २० प्रतिशत पुग्ने अनुमान छ। नेपाल जस्तो देशका लागि, जहाँ वार्षिक ८३ हजार मेगावाट जलविद्युत् उत्पादनको सम्भावना छ। तर हालसम्म २ प्रतिशत मात्र उपयोग भएको छ। हरित ऊर्जा प्रचुर मात्रामा उपलब्ध प्राकृतिक स्रोतहरूको सदुपयोग गर्ने सुनौलो अवसर हो। यस विषयले नेपालको मात्र होइन, सम्पूर्ण विश्वकै दीर्घकालीन विकासमा योगदान पुऱ्याउन सक्ने सम्भावना राख्छ तथापि, दिगो प्रविधि र हरित ऊर्जा प्रभावकारी रूपमा कार्यान्वयन गर्न प्रविधिको पहुँच, आर्थिक लगानी र नीतिगत सुधारहरू अपरिहार्य छन्।

सूचना प्रविधिको भूमिका : नवीकरणीय ऊर्जा उत्पादन र व्यवस्थापनमा सूचना प्रविधिको भूमिका अत्यन्त महत्त्वपूर्ण छ। स्मार्ट ग्रिड प्रणालीले ऊर्जा वितरणलाई कुशल बनाउँदै नवीकरणीय स्रोतहरूको अधिकतम उपयोग सुनिश्चित गर्न मद्दत गर्छ। यसले माग र आपूर्तिको वास्तविक समयमा समायोजन गरेर ऊर्जा खेर जानबाट बचाउँछ। कृत्रिम बुद्धिमत्ता (एआई) र डेटा एनालिटिक्सले सौर्य तथा वायु ऊर्जा उत्पादनको पूर्वानुमान गर्न, खपत ढाँचालाई विश्लेषण गर्न र ऊर्जा उपयोगमा सुधार ल्याउन सहयोग गर्छ। त्यस्तै, इन्टरनेट अफ थिंग्सले विद्युतीय उपकरणहरूलाई आपसमा जोडेर ऊर्जा बचतमा महत्त्वपूर्ण योगदान पुऱ्याउँछ। ब्लकचेन प्रविधिको प्रयोगले ऊर्जा आदानप्रदानलाई पारदर्शी र सुरक्षित बनाउन सकिन्छ।

हरित प्रविधि र दीर्घकालीन विकास : हरित प्रविधिले वातावरणको संरक्षण, आर्थिक सुधार, रोजगारी सिर्जना र स्वास्थ्य सुधार गरेर दीर्घकालीन विकासमा सहयोग पुऱ्याउँछ। सौर्य, वायु र जलविद्युत्जस्ता नवीकरणीय ऊर्जा स्रोतहरूले कार्बन उत्सर्जन कम गर्न महत्वपूर्ण भूमिका खेल्छन्। यी ऊर्जा स्रोतहरूको प्रयोगले परम्परागत इन्धनको आवश्यकतालाई घटाएर इन्धन आयातमा हुने खर्च बचत गर्न मद्दत गर्छ। हरित ऊर्जा परियोजनाहरूले निर्माण, सञ्चालन र मर्मतसम्भारका लागि धेरै मानिसलाई रोजगारी दिन सक्छ। साथै, वातावरणमैत्री ऊर्जा प्रयोगले हावामा हुने प्रदूषण घटाउँछ। जसले मानिसहरूको स्वास्थ्यमा सुधार ल्याउँछ। हरित प्रविधि अपनाउँदा वातावरण स्वच्छ हुन्छ, ऊर्जा खपतमा कमी आउँछ र दीर्घकालीन रूपमा आर्थिक आत्मनिर्भरता बढ्छ। यसरी, हरित प्रविधि केवल पर्यावरणका लागि नभई आर्थिक र सामाजिक उन्नतिका लागि पनि महत्त्वपूर्ण साबित भएको छ। यसको सही प्रयोगले दीर्घकालीन र दिगो विकासका लक्ष्यहरू हासिल गर्न सकिन्छ।

नेपालका लागि सम्भावना र चुनौती : नेपाल प्राकृतिक स्रोतहरूले भरिपूर्ण देश हो, जहाँ जलविद्युत्, सौर्य ऊर्जा र वायु ऊर्जाका प्रचुर सम्भावना छन्। विशेषगरी सौर्य ऊर्जाका लागि नेपाल उपयुक्त स्थान हो, जहाँ वार्षिक करिब तीन हजार घण्टा घाम लाग्ने तथ्यले यसको सम्भावना थप उजागर गर्छ। जर्मनीले सौर्य ऊर्जा र वायु ऊर्जाको सफल उपयोग गरेर ऊर्जा आत्मनिर्भरता हासिल गर्नुका साथै कार्बन उत्सर्जन घटाएको उदाहरण नेपालका लागि प्रेरणादायक छ। यदि नेपालले पनि सौर्य ऊर्जाको प्रभावकारी प्रवर्द्धन गर्न सकेमा ग्रामीण क्षेत्रका दुर्गम बस्तीहरूमा ऊर्जा पुऱ्याएर जीवनस्तर सुधार गर्न सकिन्छ। तर, नेपालले हरित ऊर्जा प्रविधिको विकासमा केही ठूला चुनौतीको सामना गरिरहेको छ। प्रविधि र लगानीको अभाव, नीतिगत अस्पष्टता र जनचेतनाको कमीका कारण हरित ऊर्जा प्रवर्द्धनमा अपेक्षित प्रगति हुन सकेको छैन। उदाहरणका लागि, कर्णाली क्षेत्रमा सौर्य ऊर्जा परियोजनाहरू सुरु गरिए पनि पर्याप्त आर्थिक स्रोत र जनचेतनाको अभावले ती योजना सफल हुन सकेका छैनन्। यस्ता चुनौती समाधान गर्न स्पष्ट नीति निर्माण, अन्तर्राष्ट्रिय लगानीको आकर्षण र जनस्तरमा शिक्षा र चेतना अभिवृद्धि गर्न आवश्यक छ। यी प्रयासले नेपाललाई हरित ऊर्जा उत्पादन र दीर्घकालीन विकासमा उदाहरणीय देश बनाउन सक्नेछ।

कार्यान्वयनका उपायहरू : नेपालमा हरित ऊर्जा र दिगो प्रविधिको सफल कार्यान्वयनका लागि विभिन्न उपाय अपनाउन आवश्यक छन् । पहिलो, नीतिगत सुधार अपरिहार्य छ दीर्घकालीन योजनासहित हरित ऊर्जा प्रवर्द्धनका लागि स्पष्ट र प्रभावकारी नीति निर्माण गर्नुपर्छ । सरकारले प्राथमिकताका आधारमा नवीकरणीय ऊर्जा स्रोतहरूलाई प्रोत्साहन दिने नीतिहरू लागू गर्नु आवश्यक छ। दोस्रो, विदेशी लगानी आकर्षण गर्नु महत्वपूर्ण छ। अन्तर्राष्ट्रिय दातृ निकाय र निजी क्षेत्रको लगानी नेपालमा आकर्षित गर्न अनुकूल वातावरण सिर्जना गर्नुपर्नेछ। ऊर्जा क्षेत्रमा आकर्षक वित्तीय र कर प्रोत्साहन प्रदान गर्नाले लगानीको प्रवृत्ति बढ्न सक्छ। तेस्रो, स्थानीयस्तरमा जनचेतना कार्यक्रम चलाउनु पर्नेछ। गाउँगाउँमा हरित ऊर्जा र दिगो प्रविधिको फाइदाबारे जागरुकता अभियान चलाउनु पर्छ । जसले जनतालाई सौर्य ऊर्जा र अन्य नवीकरणीय स्रोतहरूको महत्व र उपयोगका बारेमा जानकारी दिन्छ। चौथो, प्रविधि हस्तान्तरण र तालिम पनि महत्त्वपूर्ण छ। विदेशबाट आधुनिक प्रविधि आयात गरेर त्यसलाई स्थानीय परिस्थितिका अनुसार अनुकूलित गर्नु र जनशक्ति प्रशिक्षण कार्यक्रम चलाउनु पर्छ । यसले नेपाललाई हरित ऊर्जा प्रविधिमा दक्ष बनाउनेछ।

निष्कर्ष : दिगो प्रविधि र हरित ऊर्जा आजको आवश्यकता मात्र होइन, भविष्य निर्माणका लागि अपरिहार्य उपाय हो। जसले देशलाई ऊर्जा आत्मनिर्भरता, आर्थिक विकास र वातावरणीय संरक्षणका दिशामा अघि बढाउन सक्छ। नेपालजस्ता प्राकृतिक स्रोतले सम्पन्न देशमा जलविद्युत्, सौर्य ऊर्जा र वायु ऊर्जाका प्रचुर सम्भावना रहेको छ। तर प्रविधि, लगानी र जनचेतनाको अभावले अपेक्षित प्रगति गर्न सकिएको छैन। हरित ऊर्जा प्रवर्द्धनका लागि प्रभावकारी नीतिगत सुधार, अन्तर्राष्ट्रिय लगानी आकर्षण, जनचेतना अभियान र आधुनिक प्रविधि हस्तान्तरण अपरिहार्य छ। यी उपायहरूले नेपाललाई दिगो विकासका लक्ष्यहरू हासिल गर्दै हरित ऊर्जा उत्पादनमा उदाहरणीय देश बनाउन सक्ने सम्भावना छ।

*–अन्नपूर्ण*

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

बुढीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुल्देवमाण्डौ, बाजुरा

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

# मकैका कुनियाँ खोज्न बाजुराका गाउँ–गाउँमा व्यापारी

नमस्ते समचारदाता
बाजुरा, मंसिर/१२

बाजुराका अधिकांश ठाउँमा मकैका कुनियाँ (मकैको खात) खोज्न व्यापारीहरु गाउँमा पुग्न थालेका छन् । गाउँमा उत्पादन गरेको अर्गानिक मकैको पछिल्लो समय जताततै माग बढ्न थालेपछि यहाँका व्यापारीहरु पनि त्यसलाई खोज्न दिनप्रतिदिन धमाधम गाउँमा आउने गरेका हुन् । पहिला गाउँमा उत्पादन हुने गरेको मकै कतै बिक्री हुँदैन थियो । मकै किन्नका लागि व्यापारीहरु धमाधम गाउँमै आउने गरेको बुढीगङ्गा नगपालिका -४ बाँनेगाउँका स्थानीय महिला जौला कटुवालले बताउनुभयो । उहाँले भन्नुभयो, “आफ्नो पनि घरमा दुई चार मकैको कुनियाँ (मकैको खात) छ । त्यो मकै किन्नका लागि धेरै जना व्यापारी घरमा अहिले आउने गरेका छन् । सबैले एक किलोको तीस रुपियाँ दिने गरेका छन् ।” भदौमा मकै पाकेपछि अहिले त्यसलाई अहिले आफूले घरको छतमा राखेकी छु । कसैले मलाई त्योभन्दा बढी मूल्य दिएपछि आफूसँग भएको त्यो सबै मकै बिक्री गर्ने कटुवालले बताउनुभयो । जिल्लाभित्र तथा बाहिरबाट यती बेला मकै किन्नेहरुको गाउँबस्तीमा निकै लाइन लाग्न थालेको छ । यहाँको अर्गानिक त्यो मकै स्वास्थ्यका लागि निकै उपयोगी हुने गरेकोले यतिबेला त्यो मकै धमाधम गाउँदेखि बाहिरिन थालेको छ । मकै सबैभन्दा



धेरै खपत हुने बालीमा पर्दछ । बहुउपयोगी यो बालीबाट विभिन्न परिकार, तेल, इन्धन, चिनी, रक्सी आदि बनाउने गरिन्छ । धेरै मानिसले उसिनेका मकै वा पोलेका मकै खान मन पराउँछन् । मकै खाएमा स्वास्थ्यका लागि निकै फाइदा हुन्छ । मकैमा प्रशस्त पोषण तत्व हुन्छ । मकै खाएपछि मानिसका अनुहारमा हुने चाउरी हटाउन र बुढोपनबाट अलग्ग गराउन सहायक मिल्नुका साथै मुटु , रक्तनली र क्यान्सरको रोग निवारण गर्न पनि सकिन्छ । मकैमा भिटामिन बी, पोटासियम, फसफोरस र फलाम हुन्छ । तीमध्ये मुटुको क्षमता बढाउने पोटासियमको क्षमता छ । मकैमा भिटामिन यी र सेलेनिअम पनि छ । क्यान्सर निवारण गर्ने सेलेनिअमको क्षमता हुन्छ । यति मात्र हैन मकैको अरु क्षमताहरु पनि छन् । जीवकोषलाई पतन हुने अवस्थाबाट जोगाउन सक्ने तथा रगतभित्रको कोलेस्टरोलको मात्रालाई कम पार्न सक्ने ताजा कलिला मकैको क्षमता भएको विज्ञ बताउँछन् । बाजुराको हिमाली, जगनाथ, स्वामिकार्तिक, बुढीनन्दा, बडिमालिका, गौमुल बुढीगङ्गा, खप्तड छेडेदह र त्रिवेणीलगायतका विभिन्न ठाउँमा मकै उत्पादन हुने गरेको भएतापनि सबैभन्दा बढी बुढीगङ्गा र त्रिवेणीमा हुन्छ । तर पनि यहाँका स्थानीयले मकै खासै लगाउँदैनन् । पछिल्लो समय देशका विभिन्न सहरबाट यसको माग बढ्दै गएपछि स्थानीय तहले पनि अर्गानिक खाद्यान्नलाई बढी प्राथमिक दिन थालेको छ । बाजुर ाको अर्गानिक मकै पछिल्लो समय देशका विभिन्न सहरमा माग बढ्न थालेपछि अहिले यहाँका स्थानीयले पनि फेरि मकैखेतीप्रति निकै चासो राख्न थालेका छन् । यो वर्षदेखि यहाँको अर्गानिक मकै देशका विभिन्न सहरमा जान थालेको छ । यहाँको मकै अहिले प्रायः धनगढी र काठमाडौंमा जान थालेको छ । अहिले यहाँका केही स्थानीय तहले पनि विद्यालयमा बालबालिकालाई खुवाइँदै आएको दिवा खाजामा कोदो, मकै, जौ गहुँलगायतका विभिन्न परिकार अनिवार्य गर्दै आएका छन् । मकैखेतीले यहाँका स्थानीयको जीविकोपार्जन गर्न सहज देखिएकोले यती बेला यहाँका स्थानीयलाई मकै खेतीमा उत्प्रेरित गर्दै आएको बाजुराका स्थानीय तह बताउँछन् । जिल्लामा दुई लाख तीस हजार ३७ हेक्टर जमिन छ । त्यो मध्येकै २२ हजार हेक्टर खेती योग्य जमिन छ । पाँच हजार दुइ सय पैतिस हेक्टर जमिनमा मात्र सिँचाइ सुविधा छ । यहाँको एक हजार तीन सय पचास क्षेत्रफल हेक्टर जमिनमा मकैखेती गरिन्छ । यसमा ५०.२५ मेट्रिकटन मकै उप्पादन हुन्छ । यहाँ १.५ मेट्रिकटन मकैको उत्पादकत्व रहेको कृषि ज्ञान केन्द्र बाजुराका सूचना अधिकारी प्रेमराज न्यौपानेले बताउनुभयो ।

# उद्योग बन्द हुँदै गएकोमा चिन्ता

नमस्ते समचारदाता
रुकुमपश्चिम, मंसिर/१२




रुकुमपश्चिमका व्यवसायीले साना तथा मझौला खालका उद्योग बन्द हुँदै गएको भन्दै चिन्ता व्यक्त गरेका छन् । १० औं उद्योग दिवसका अवसरमा मुसीकोटमा उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयले आयोजनामा गरेको अन्तर्क्रिया कार्यक्रममा व्यवसायीले उद्योग नियमित सञ्चालनको माग समेत गरेका छन् । कार्यक्रममा रुकुम उद्योग वाणिज्य सङ्घका अध्यक्ष पलबहादुर खड्काले कुनै समय जिल्लामा साना तथा मझौला उद्योग खोल्ने लहर चलेको तर अहिले सञ्चालन हुन नसकेर बन्द अवस्थामा रहेको बताउनुभयो । उहाँले व्यक्तिगत तथा सरकारी अनुदानमा सञ्चालन गरिएका उद्योग लामो समय टिक्न नसक्नुले लगानी खेर गइरहेको जनाउनुभयो । सरकारको लगानीमा खोलिएका उद्योगसमेत लथालिङ्ग भएको र व्यक्तिगत लगानीका साना उद्योग बन्द भएको उहाँको भनाइ छ । व्यवसायीहरूले आवश्यकता र मागको आधारमा भन्दा पनि पहुँचका भरमा उद्योगका लागि गरिएको लगानी खेर गएको उल्लेख गरेका छन् । जिल्ला सदरमुकाम तथा गाउँमा रहेका सबैजसो उद्योग सञ्चालन हुन नसक्नुका कारण खोजेर उद्योगलाई सञ्चालन गर्नुपर्ने व्यवसायीको माग रहेको छ ।

## आश्रित...

चन्दले अरुलाई सुझाव दिदै भनिन्, ‘पीडामा हाम्रो घाउमा मल्हम बनेर आयो सामाजिक सुरक्षा कोष, म मात्र नभएर हजारौं आश्रित परिवारका लागि खुसी दिएको छ यो कोषले, पैसा कै कारण बालबच्चाले पढ्नबाट वञ्चित हुनुपरेको छैन, कोष जीवनको अभिन्न अङ्ग बनेको छ, सबै जना यसमा आबद्ध हुनु जरुरी छ ।’ त्यस्तै बैजनाथ गाउँपालिका-२ पितमारीकी जानकी थारुले नेपालगन्ज मेडिकल कलेज शिक्षण अस्पताल कोहलपुरमा कार्यरत श्रीमानको एक वर्षअघि मृत्यु भएको थियो । अस्पतालमा कार्यरत श्रीमानको अस्पतालले सामाजिक सुरक्षा कोषमा आबद्धता गराएबापत अहिले १३ हजार रुपियाँ मासिक पाउँदै आएको बताइन् । यो पैसाबाट घरखर्च चलाउन र औषधीउपचार गर्न निकै सहज भएको उनको भनाइ छ । त्यस्तै नेपालगन्ज उपमहानगरपालिका-७ की जात्रुन निशा शाहका श्रीमान नेपालगन्ज मेडिकल कलेज शिक्षण अस्पताल नेपालगन्जमा प्रशासन सहायक अधिकृतका रूपमा कार्यरत थिए । दोस्रो कोरोना महामारीले उनको मृत्यु भयो । एक छोरा र एक छोरी रहेका शाहको परिवारमा बज्रपात आइपर्‍यो । श्रीमानको मृत्यु भए पनि आर्थिक रूपमा भने अभाव झेल्न नपरेको उनी बताउँछीन । शाहले भनिन्, ‘अहिले मेरो १७ हजार र दुई वटा छोराछोरीको गरेर ११ हजार गरी २८ हजार रुपियाँ मासिक रूपमा आइरहेको छ । छोरा भर्खर एक कक्षामा र छोरी ६ कक्षामा पढ्छन् । सामाजिक सुरक्षा कोष योजनामा श्रीमानको योगदानका कारण मैले उहाँले पाउने तलब पाइरहेकी छु, । बालबच्चा पढाउन र घर चलाउन सहज भएको छ ।’ त्यस्तै कोहलपुर नगरपालिका-२ की हाँसकौरा शाहीले मेडिकल कलेज कोहलपुरमा कार्यरत श्रीमानको दुई वर्षअघि मृत्यु भयो । श्रीमानको मृत्यु पश्चात् कोषबाट मासिक १९ हजार ९ सय रुपियाँ आफूले पेन्सन र १३ हजार रुपियाँ छोरीको पढाइ बापत गरी ३२ हजार ९ सय रुपियाँ सामाजिक सुरक्षा कोषबाट पाउँदै आएको बताइन । उनले सुनाइन्, श्रीमानको तलब बराबर कोषबाट पेन्सन नआउने भए म कसरी बाँच्थे र ? घर मात्रै छ, जग्गा जमिन केही छैन, एउटा छोरा र एउटी छोरी छन्, उनीहरूको पढाई खर्च र घर खर्च चलाउन म कसरी सक्थैं होला र ? यो कोषले जीवन दिएको छ, बाँच्ने सहारा बनेको छ, म धेरै खुसी छु । शाहीको भनाइ छ । सामाजिक सुरक्षा कोष नेपालगन्ज कार्यालयका प्रमुख चिरञ्जीवी न्यौपानका अनुसार बाँकेमा सामाजिक सुरक्षा कोष योजनामा आश्रित १० घरपरिवार आबद्ध रहेका छन् । न्यौपानेले भने, ‘हाम्रो यो कार्यालयको कार्यक्षेत्र लुम्बिनीको बाँके, बर्दिया र रुकुमपूर्व, कर्णाली र सुदूरपश्चिम प्रदेश रहेको छ, बाँकेमा हालसम्म १० आश्रित घरपरिवार यस योजनामा आबद्ध हुनुभएको छ । उहाँहरूले मासिक एक हजारदेखि दुई लाख ६२ हजार रुपियाँसम्म प्राप्त गरिरहनुभएको छ ।’ न्यौपानेका अनुसार बाँकेमा हालसम्म २ सय १२ रोजगारदाता कोषमा आबद्ध भएका छन् ।

## अनावश्यक...

त्यसमध्ये २० हजार अनुपस्थित रहेको छ भने वार्षिक जनसंख्या वृद्धिदर १.५ प्रतिशत मात्र छ । आ.व. २०७४/७५ देखि २०८०/८१ को तुलना गर्दा चालू खर्च ३६ करोड ७७ लाख बाट बढेर ५१ करोड ४३ लाख पुगेको छ भने पुँजीगत खर्च २४ करोड ३८ लाख बाट बढेर ३२ करोड पुगेको छ । यही अवधिमा चालूतर्फ २१ करोड बढ्दा पुँजीगतमा ७ करोड र आन्तरिक आयमा डेढ करोड मात्र वृद्धि भएको छ । आन्तरिक आय सात वर्षमा ५ करोड ५५ लाखबाट बढेर ६ करोड ३२ लाख ६० हजार पुगेको छ । नागरिक समाज टीकापुरका संयोजक भीमराम चपाई पनि पालिकाको आय, जनसंख्या, मौजुदा कर्मचारीको अभाव हेरी अत्यावश्यक र प्राविधिक कर्मचारीको दरबन्दी राख्नु पर्नेमा प्रशासनिक खर्चको दायित्व बढ्ने गरी काम अघि बढ्दा सुशासन नहुने बताउछन् । यस्तै, नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा पूर्वमन्त्री डा. रणबहादुर रावल हचुवाको भरमा दरबन्दी सिर्जना गर्न नहुने र सुझबुझका साथ निर्णय लिनुपर्ने सुझाव दिए । कार्यपालिका सदस्यहरूले पर्याप्त छलफल नभई दरबन्दी सिर्जना हुनु गलत भएको कार्यपालिका सदस्यको भनाइ छ । नगरप्रमुख रामलाल डंगौरा थारुले कार्यपालिकाले काटछाँट गरेर अन्तिम रूप दिएपछि सार्वजनिक गरिने बताए । २०५३ सालमा स्थापना भएको टीकापुर नगरपालिका हाल स्थायी ८४, करार १०२ र ज्यालादारी गरी २४ गरी २१० कर्मचारी कार्यरत छन् ।

## भेरी...

बबई र मानखोलामा उपलब्ध झण्डै सय मिटर हेड उपयोग गरी १२ देखि १४ मेगावाट विद्युत उत्पादन गर्ने भनिएको छ । त्यसमा करिब १ घनमिटर पानी कोहलपुर र नेपालगञ्ज क्षेत्रमा खानेपानीको रुपमा प्रयोग हुनेछ । यसो भएमा मानसरोबरबाट आउने पानी बाँकेवासीले खान पाउने छन् । जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक सन्जिव बरालले दुई वर्षमा सम्पन्न गर्ने गरी आयोजनाको काम भइरहेको बताए । उनले अहिले काम गरिरहेको ठेकेदार कम्पनी कमजोर परेको स्वीकार गर्दै दोस्रो पटक म्याद थपेसँगै अन्तिम चेतावनी पनि दिइएको बताए । आर्थिक वर्ष २०७२/७३ बाट सुरु भएको आयोजनामा टनेल निर्माण कार्य सतप्रतिशत, सिभिल निर्माण कार्यमा ५५ प्रतिशत, हाइड्रोमेकानिकल ३९ प्रतिशत, इलेक्ट्रोमेकानिकल ३० प्रतिशत र प्रशारण लाइनको ५ प्रतिशत भौतिक प्रगति भएको आयोजनाका प्रमुख रणबहादुर बमले जानकारी दिए । सरकारी निकाय र ठेकेदारका बीचमा हुनुपर्ने समन्वय नभएको पाइएको छ । सरकारी अधिकारीले सबै साइड क्लियर र आफ्नो तर्फबाट गर्नुपर्ने सबै ठीकठाक छ भनिरहदा ठेकेदार रमन महतोले काम गर्दा आइपर्ने समस्या समयमा समाधान नगरिदिने गरेको बताए । उनले परामर्शदाता कम राखेको, छिटो-छिटो परिवर्तन हुने गरेको, सबै साइड नै क्लियर नगरिदिएको दुखेसो पोखे । यसैबीच, संसदको पूर्वाधार विकास समितिले आयोजनाको स्थलगत निरीक्षण गरेको छ । समितिका अनुगमन संयोजक ठाकुर गैरे, प्रतिमा गौतम, विना लामा र लालबीर चौधरीले आयोजनाको स्थलगत निरक्षण अनुगमन गर्दै विभिन्न व्यक्तित्वसँग छलफल गरेका छन् । अनुगमन संयोजक गैरेले सुरुङ ‘ब्रेक थ्रु’ हुँदाको उत्साहत जसरी कामलाई अगाडि बढाउन निर्देशन दिए । उनले नीतिगतदेखि अहिले काम गर्दा देखापरेका समस्या र चुनौतीलाई सहजीकरण गर्ने बताए छन् ।

## न्यायिक...

न्यायिक समितिप्रति नागरिकको विश्वास रहेको भन्दै गाउँपालिकाले मेलमिलाप प्रक्रियाबाट गरिएका निर्णयहरूले दुवै पक्षलाई न्यायको अनुभूति गराएको जनाएको छ । मिलापत्र तथा निर्णयपश्चात त्यसको कार्यान्वयनको अवस्थाका बारेमा न्यायिक समिति संयोजक खत्री स्वयंले सम्बन्धित व्यक्तिहरुलाई फोनबाट जानकारी लिने गर्दै आएकी छन् । घरेलु हिंसा, लेनदेन, जग्गा किचलो, अंशबन्डा जस्ता विवादहरु छत्रेश्वरीको न्यायिक समितिमा धेरैजसो आउनेगरेका खत्रीको भनाइ छ । जग्गाको साँध सिमाना विवाद, पारिवारिक समस्या, श्रम जस्ता विवादहरूमा दुबै पक्षको जीत हुने गरी समाधान निकाल्ने गरिएको र यसले समुदायमा शान्ति, मेलमिलाप, र सहिष्णुताको भावना थप बलियो बनाएको संयोजक खत्रीले बताउनुभयो । ‘हामी निरन्तर सिक्दै र सुधार्दै छौं । न्यायिक समितिको क्षमता वृद्धिका लागि तालिमहरू र समुदायस्तरसँगको सहकार्यलाई अझै विस्तार गर्दै जाने योजना छ । हाम्रो प्राथमिकता भनेकै स्थानीय समस्यालाई सरल, पारदर्शी र न्यायसंगत तरिकाले समाधान गर्नु हो’-खत्रीले भनिन् ।



नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
जि.प्र.का.बाँके दर्ता नं १६२/०७९/८०
जिल्ला हुलाक नं. २९/०८१-०८२


# सामुदायिक वनलाई प्यान अनिवार्य

■ नमस्ते समचारदाता
सल्यान, मंसिर/१२



अबदेखि सबै सामुदायिक वनले स्थायी लेखा नम्बर (प्यान) अनिवार्य लिनुपर्ने भएको छ । वर्षेनि लाखौंको आम्दानी गर्दै आएको भए पनि करको दायरामा नआएकाले जिल्लामा रहेका ६ सय १३ वटै सामुदायिक वनले स्थायी लेखा नम्बर (प्यान) अनिवार्य लिनुपर्ने भएको हो । यसका लागि डिभिजन वन कार्यालय सल्यानले पालिकास्तरमा सामुदायिक वन उपभोक्ता समुहहरुलाई लेखा प्रणाली व्यवस्थापनमा सहयोग तथा समन्वय कार्यक्रम सञ्चालन गरेको छ । जिल्लाका दश वटै पालिकामा छलफल गर्ने र सामुदायिक वनको लेखा प्रणालीलाई थप व्यवस्थित गर्ने गरिएको डिभिजन वन कार्यालय सल्यानका सूचना अधिकारी ललितजंग खड्काले जानकारी गराए । खड्काका अनुसार पालिकास्तरमा हुने छलफलमा विशेष गरेर सबै सामुदायिक वनले स्थायी लेखा नम्बर लिने, आर्थिक क्षेत्रलाई पारदर्शी र चुस्तदुरुस्त बनाउने बारेमा अभिमुखिकरणका साथै सामुदायिक वनको संस्थागत विकासका लागि छलफल गरिएको छ । 'समुदायमा आधारित कैयौं सामुदायिक वन उपभोक्ता समूहले स्थायी लेखा नम्बर नलिएको पाइएको छ, यस्तो अवस्थामा सरकारी निकायबाट अनुदान एवं अन्य सहयोग रकम उपभोक्ता समूहको कोषमा उपलब्ध गराउन र खर्च गर्न मिल्दैन, स्थायी लेखा नम्बर नलिएका सबै वन उपभोक्ता समूहलाई आर्थिक ऐन, २०८१ को दफा २२ बमोजिम छुट दिएको अवधि आगामी फागुन मसान्तभित्रमा नै स्थायी लेखा नम्बर लिन अनिवार्य गरेका छौं'- सूचना अधिकारी खड्काले भने, 'स्थायी लेखा नम्बर लिन सामुदायिक वनलाई प्रोत्साहित गरिरहेका छौं ।' सबै सामुदायिक वनले प्यान लिएमा सरकारी राजस्वमा समेत बृद्धि हुने खड्काको भनाइ छ । 'वन समुहहरुले खोटोबाट होस् या जडिबुटीबाट होस्, वर्षेनि लाखौंको आम्दानी गर्छन्, तर उनीहरुले कर तिर्दैनन्, यसले गर्दा राज्यको राजस्व संकलनमा कमी आइरहेको छ, प्यान लिने भन्ने बित्तिकै सामुदायिक वन डराउनुपर्दैन, आम्दानी गरेपछि मात्रै कर तिर्ने हो, यसले वनको आम्दानीलाई थप पारदर्शी बनाउन मद्दत मिल्छ ।' सोही अनुसार कपुरकोट गाउँपालिकामा र त्रिवेणी गाउँपालिकाको लुहाममा पालिकास्तरको समन्वय कार्यक्रम सम्पन्न भएको डिभिजन वन कार्यालय सल्यानका प्रमुख टेकबहादुर रावलले जानकारी गराए । राष्ट्रिय सम्पत्तिको रुपमा रहेको सामुदायिक वनको संरक्षण, सम्वर्द्धन र उचित प्रयोगमा स्थानीय समुदायकै उपभोक्तालाई जागरुक बनाउन पालिकास्तरमा कार्यक्रम सञ्चालन भइरहेको उनको भनाइ छ । यसअघि सिद्ध कुमाख गाउँपालिकामा पनि सोही कार्यक्रम सम्पन्न भएको छ । पालिकास्तरमा भएका कार्यक्रममा बोल्दै कपुरकोट गाउँपालिका अध्यक्ष दुर्गाबहादुर पुन, त्रिवेणी गाउँपालिका अध्यक्ष खिमबहादुर रावत लगायतका सरोकारवालाले समुदायमा आधारित सामुदायिक वनमा भएको वन ऐनकै व्यवस्थाले विकास निर्माणका कार्य सञ्चालनमा केही समस्या देखिएको बताएका छन् । वनको संरक्षण र दिगो व्यवस्थापनमा स्थानीय तह पनि लागिपरेको जनाउँदै उनीहरुले सडक, खानेपानी लगायतका अत्यावश्यक क्षेत्रमा काम गर्दा बिनाबाधा काम हुने व्यवस्था गरिनुपर्ने सुझाव दिएका छन् । सो अवसरमा कर्णाली कन्सल्ट्र्यान्ट प्रालिका निर्देशक युवराज वलीले कर, कर तिर्ने तरिका, कर किन तिर्ने लगायतका विषयहरुका बारेमा प्रकाश पारेका थिए । यही मंसिर १४ गते छत्रेश्वरी गाउँपालिका, मंसिर १७ गते कालीमाटी गाउँपालिका र अरु स्थानीय तहमा पनि यही महिनाभित्रमा छलफल गरिसक्ने लक्ष्य छ । स्थानीय तह र सामुदायिक वन उपभोक्ता महासंघसँगको समन्वयमा जिल्लाका सबै पालिकाका वन उपभोक्ता समुहसँग समन्वय तथा छलफल गर्ने डिभिजन वन कार्यालय सल्यानले जनाएको छ ।

# फोहोर फाल्ने मेडिकललाई पाँच हजार जरिवाना



■ नमस्ते समचारदाता
नेपालगन्ज, मंसिर/१२

नेपालगन्ज उपमहानगरपालिकाले जथाभावी फोहोर फाल्नेलाई कारबाही गर्ने कार्यलाई निरन्तरता दिइरहेको छ । सडक तथा सार्वजनिक स्थानमा फोहोर फाल्ने पसल, व्यवसाय र संस्थालाई निरुत्साहित गर्ने उद्देश्यले शुरु गरिएको कारबाही निरन्तर जारी नै रहने बताइएको छ । सोही क्रममा मङ्गलबार बिहान पनि सडकमै स्वास्थ्यजन्य फोहोर फालेपछि नेपालगन्जको एक मेडिकललाई पाँच हजार रुपियाँ नगद जरिवाना गराइएको छ । भेरी अस्पताल अगाडि रहेको अङ्कित मेडिकल हल तथा अङ्कित अल्ट्रासाउन्डले सडकमा यत्रतत्र फोहोर फालेको पाइएपछि पाँच हजार रुपियाँ जरिवाना गरिएको नेपालगन्ज उपमहानगरका नगर प्रहरी प्रमुख प्रहरी निरीक्षक सूर्यबहादुर बोगटीले जानकारी गराए । स्वास्थ्य महाशाखा र नगर प्रहरीको टोलीले निरीक्षणका क्रममा सडकमै स्वास्थ्यजन्य फोहोर फालेको पाएपछि 'नेपालगञ्ज उपमहानगरपालिकाको फोहोर मैला व्यवस्थापन ऐन २०७५' बमोजिम पाँच हजार रुपियाँ जरिवाना तिराएर कारबाही गरेको बोगटीले बताए । स्वास्थ्य महाशाखा प्रमुख रामबहादुर चन्द, फार्मेसी अधिकृत डा. अस्मित आचार्य तथा नगर प्रहरी प्रमुख बोगटी र नगर प्रहरी सहायक निरीक्षक पवन कनोजियाको टोली अनुगमनमा गएको बेला सो फोहोर सडक मै फेलापारेका थिए । एकसाताअघि मात्र नेपालगन्ज उपमहानगरपालिकाले सार्वजनिक स्थानमा फोहोर फालेपछि नेपालगन्जस्थित आशीर्वाद पेन्ट्स प्रालिलाई १० हजार रुपियाँ जरिवाना गरेको थियो । नगरलाई सफा, स्वच्छ र सुन्दर बनाउन सचेतना प्रवर्द्धन गर्दैआएको नेपालगन्ज उपमहानगरपालिकाले पछिल्लो समय फोहोर जथाभावी फाल्नेलाई कारबाही गर्दै आएको नेपालगन्जका मेयर प्रशान्त बिष्टले जानकारी गराए । बिष्टले जथाभाबी फोहोर फाल्नेलाई कुनै पनि हालतमा नछाडिने र कडा कारबाही गरिने उल्लेख गर्दै फोहोरविरुद्ध शुन्य सहनशीलताको नीति अवलम्बन गरिएको बताए ।

# अनावश्यक कर्मचारी दरबन्दी सिर्जना गरेर नगरपालिकालाई आर्थिक भार

■ नमस्ते समचारदाता
टीकापुर, मंसिर/१२



टीकापुर नगरपालिकाले गराएको सङ्गठन तथा व्यवस्थापन (ओएनएम) सर्वेक्षणमा अस्वाभाविक रूपमा कर्मचारी प्रस्ताव गरिएको छ । इन्भाइरोन्मेन्ट एण्ड इन्जिनियरिङ रिसर्च सेन्टरले बुझाएको प्रतिवेदनमा ५ सय ४ जना कर्मचारीको दरबन्दी प्रस्ताव गरिएको छ । प्रतिवेदन अनुसार टीकापुर नगरपालिकामा १८ शाखा, ३२ उपशाखा, १२ वडा, १३ स्वास्थ्य केन्द्र, १ नगर अस्पताल, १ आयुर्वेद औषधालय लगायतका संरचना प्रस्ताव गरिएको छ । ५ सय ४ जना कर्मचारी आवश्यक रहेको औंल्याए पनि तीन वटा उपशाखा एक-एक कर्मचारीको मात्र दरबन्दी राखिएको छ । ६ वटा उपशाखामा शून्य दरबन्दी राखिएको छ । खाद्य प्राविधिक निरीक्षण अधिकृत हुनुपर्ने उपभोक्ता हित तथा बजार व्यवस्थापन उपशाखामा शून्य दरबन्दी राखिएको छ । नयाँ संरचनामा दसौं तहको प्रमुख प्रशासकीय अधिकृत, नवौं तहको अधिकृतको नेतृत्वमा ५७ जनाको दरबन्दी रहेको सामान्य प्रशासन शाखा, १८ प्राविधिक र ५ प्रशासनिक कर्मचारी रहेको सहरी पूर्वाधार विकास शाखा, २२ प्राविधिक, ३ प्रशासनिक कर्मचारी भएको कृषि विकास शाखा, २२ प्राविधिक र १५ प्रशासनिक कर्मचारी भएको पशु सेवा शाखा, ३६ जना कर्मचारी भएको पार्क व्यवस्थापन तथा पर्यटन सेवा केन्द्र राखिएको छ । यस्तै, प्रशासन सूचना तथा सञ्चार प्रविधि विकास तथा बिस्तार र एफएम सञ्चालन शाखा लगायत छन् । उपशाखातर्फ बैठक व्यवस्थापन उपशाखा, खानी तथा खनिज पदार्थको संरक्षण उपशाखा, जलविद्युत, ऊर्जा सडकबत्ती उपशाखा, सिँचाइ तथा जल उत्पन्न प्रकोप उपशाखा, सार्वजनिक निजी साझेदारी, संस्कृति सम्पदा ललितकला उपशाखा, पर्यावरण, भूसंरक्षण एवं जलाधार क्षेत्र संरक्षण उपशाखा, विदाउत्सव उर्दी जात्रा पर्व उपाधि तथा विभूषण उपशाखा लगायत छन् । कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरिनुपर्नेमा हल्कारुपमा लिइएको सरोकारवालाको भनाइ छ । सहरी पूर्वाधार विकास शाखामा नवौं तहको सिनियर डिभिजन इन्जिनियरको दरबन्दी सिर्जना गरेकोमा त्यसको अनुगमन गर्ने योजना अनुगमन तथा तथ्याङ्क शाखामा सातौं तहको प्रशासनिक अधिकृत, पाँचौं र चौथो तहका कर्मचारी गरी तीन जना राखेको छ । लेखातर्फ हाल तीन जनाले गर्दै आएकोमा नयाँ दरबन्दी अनुसार केन्द्रमा ६ जना हरेक वडामा एक-एक गरी १२ जना थपेर १८ जना लेखाका कर्मचारी रहने छन् । एमबीबीएस डाक्टरको नेतृत्वमा सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र र अर्को एमबिबिएस डाक्टरको नेतृत्वमा सिकलसेल नगर अस्पताल खोल्ने योजना छ । यी दुई स्वास्थ्य संस्थाको दूरी तीन किलोमिटर हुनेछ । सिजनमा सरसफाइकर्मी र बेसिजनमा हेरालु मात्र चाहिने पार्कमा ३६ जनाको दरबन्दी राखिएको छ । 'सङ्गठन सर्वेक्षण गरेर काममा लगाउनु राम्रो हो' एकजना अधिकृत भन्नुहुन्छ, 'प्राविधिक काम हुने शाखामा प्रशासनिक कर्मचारी राख्ने र अनावश्यक दरबन्दी यहाँको आर्थिक अवस्थाले धान्न सक्दैन । टीकापुर नगरपालिकाको क्षेत्रफल ११८ वर्गकिलोमिटर, जनसंख्या ९० हजार छ ।

*बाँकी ३ पेजमा...*

# जुम्ला साक्षर जिल्ला घोषणा



■ नमस्ते समचारदाता
जुम्ला, मंसिर/१२

कर्णालीको जुम्ला जिल्ला साक्षर घोषणा भएको छ । जिल्लाका आठैवटा स्थानीय तह साक्षण घोषणा भइसकेपछि जिल्ला स्तरीय समितिले एक भव्य कार्यक्रम आयोजना गरी साक्षर जिल्ला घोषणा गरेको हो । जुम्लाको टुँडिखेलमा आयोजना गरिएको साक्षर जिल्ला घोषणा कार्यक्रममा प्रदेश सभा सांसद देवेन्द्र बहादुर शाहीले ब्यानर उद्धाटन गर्दै जुम्ला साक्षर जिल्ला घोषणा गर्नुभयो भने जिल्ला समन्वय समितिका प्रमुख गौरीनन्द आचार्यले जिल्लाका आठै वटा स्थानीय तहले तयार पारि शिक्षा विकास तथा समन्वय एकाइ पठाइएको एकीकृत तथ्याङ्क पढेर सुनाउदै साक्षर जिल्लाको घोषणा गर्नुभयो । जिल्ला समन्वय समितिका प्रमुख तथा साक्षरता अभियान जिल्ला संयोजक गौरीनन्द आचार्यका अनुसार राष्ट्रिय साक्षरता मापदण्ड अनुसार १५ देखि ६० वर्ष उमेर समूहका ९५ प्रतिशत माथी साक्षरता पुगेमा साक्षर जिल्ला घोषणा गर्न सकिने आधार बमोजिम जुम्ला जिल्लाको १५ देखि ६० उमेर समूहका ७२ हजार तीन सय १९ जनसंख्यामध्ये ६९ हजार चार सय ७७ अर्थात् ९६.०७ प्रतिशतले साक्षर भएको छ । उहाँका अनुसार जिल्लाका आठ वटै स्थानीय तहमा हिमा गाउँपालिकामा ९५.७२ प्रतिशत, चन्दननाथ नगरपालिकामा ९८.१९ प्रतिशत, कनकासुन्दरी गाउँपालिकामा ९७.०० प्रतिशत, सिँजा गाउँपालिका ९५.५ प्रतिशत, पातारासी गाउँपालिका ९५.२४ प्रतिशत, तातोपानी गाउँपालिका ९५.७७ प्रतिशत, तिला गाउँपालिकालाई ९५.४ प्रतिशत र गुठिचौर गाउँपालिका ९५.७३ प्रतिशत नागरिक साक्षर भएका छन् । स्थानीय तहले यस अघि घोषणा गसिकेपछि जिल्ला घोषणाका लागि मापदण्ड अनुसार साक्षर जिल्ला आवश्यक भएकाले २०८१ मङ्सिर ९ गते बसेको साक्षर अभियान जिल्ला समन्वय समितिले ११ गते घोषणा गर्ने निर्णय गरेको थियो । घोषणा अभियानमा कर्णाली प्रदेश सांसद देवेन्द्रबहादुर शाहीले साक्षर जिल्ला घोषणा भएकोमा सबैलाई बधाई दिनुभयो । उहाँले अवका दिनमा पूर्ण साक्षर जिल्ला घोषणाका लागि सबै जुट्नुपर्ने बताउनुभयो । उहाँले जुम्ला ऐतिहासिक जिल्ला भएकाले साक्षर जिल्लाको रूपमा घोषणा हुनु हाम्रो लागि अझ अवसर भएको छ ।

नमस्ते कर्णाली Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखाःसुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेलः namastekarnali1@gmail.com मुद्रणः गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके